आज मिति २०८२/०७/२५ गते मंगलवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा प्रमुख)

CamScanner

प्रस्तावहरु :

१. कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा ।
२. अर्थ मन्त्रालयको च.नं. ११६ मिति २०८२।०६।०७ गतेको पत्रको थप स्पष्ट पारिएको सम्बन्धमा ।
३. चक्रघट्टा गाउँपालिकामा ब्याकहोईलोडर संचालन कार्यविधि, २०८० संशोधन गर्ने सम्बन्धमा ।
४. गर्भवती, सुत्केरी तथा किशोरीहरुको लागि आइरन र क्याल्सियम चक्की खरिद सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ मा यस अधि भएको कार्यपालिकाको पूर्व निर्णयहरुलाई समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यपालिकाको कार्यालयबाट सबै सरोकारवालाहरुको संलग्नतामा कार्यान्वियन भई रहेकोले निर्णय कार्यान्वयन संतोषजनक रहेको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२।०६।२७ गतेका दिन गाउँ कार्यपालिकाको निर्णय नं. २ मा अर्थ मन्त्रालयको पत्र संख्या २०८२।०८३(बजेट), च.नं. ११६ र मिति २०८२।०६।०७ गतेको पत्रानुसार रु.१० लाखभन्दा मुनिका योजनाहरु उपभोक्ता समितिबाट संचालन गर्ने र सो भन्दा माथिका योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार संचालन गर्ने भने भएको निर्णयलाई अर्थ मन्त्रालयको च.नं. १७२ मिति २०८२।०७।१८ गतेको थप स्पष्ट पारिएको पत्र र सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास माननीय न्यायाधीश श्री विनोद शर्माज्यूको आदेश नं. ०८२-WO-०३९७ बाट भएको आदेशमा उल्लेखित निर्णयलाई कार्यान्वियन नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु भनी भएको आदेश बमोजिम गाउँसभाबाट स्वीकृत योजना सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा स्थानीय कानुन बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८२।०७।२४ गतेको विधायन समितिको निर्णयानुसार चक्रघट्टा गाउँपालिकामा ब्याकहोई लोडर संचालन कार्यविधि, २०८० संशोधनको लागि पेश भई आएकोले सोही बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ को स्थानीय चालु शीर्षकको क्र.सं. १.४८ विविध खर्च शीर्षकमा छुट्याइएको बजेट रकम रु.३० लाख मध्ये रु.१० लाख गर्भवती, सुत्केरी तथा किशोरीहरुको लागि आइरन र क्याल्सियम चक्की खरिद गर्ने निर्णय गरियो ।